# चौदण्डीगढी नगरपालिका
# नगर खेलकुद सञ्चालन सम्वन्धी कार्यविधी, २०७५

प्रस्तावना :

खेलकुदको माध्यमवाट समाजमा अनुशासन र सामाजिक सदभाव काययम राखि यूवाहरुलाई धुम्रपान, मद्यपान, लागु पदार्थ सेवनको कुलतवाट जोगाई सु संस्कृत समाजको निर्माण गर्न, देशको सार्वभौमिकता रक्षा गर्न र स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तन प्रति सचेत स्वस्थ नागरीक वनाउन, राष्ट्रिय, अन्तराष्ट्रिय क्षेत्रमा ख्याति आर्जन गर्ने उदेश्यलाई मुर्त रुप दिन वाञ्छनिय भएकोले नगर खेलकुद संचालन सम्वन्धी यो कार्यविधी वनाईएको छ ।

परिच्छेद - १

नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ : यो कार्यविधीको नाम "नगर खेलकुद संचालन सम्वन्धी कार्यविधी,२०७५ " रहने छ । र यो कार्यविधी राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा, -

क) "ऐन" भन्नाले चौदण्डीगडी नगरपालिकाको संस्थादर्ता ऐन २०७५ सम्झनु पर्छ ।

ख) "कार्यविधी" भन्नाले " चौदण्डीगढी नगरपालिका, नगर खेलकुद संचालन सम्वन्धी कार्यविधी,२०७५ " भन्ने सम्झनु पर्छ ।

ग) "नगर खेलकुद समिति" भन्नाले नगर कार्यपालिकावाट गठित नगर खेलकुद समिति भन्ने सम्झनु पर्छ ।

घ) "खेलकुद प्रशिक्षण समिति" भन्नाले नगर खेलकुद समितिले गठन गरेका सम्वधीत विषयगत खेलकुद प्रशिक्षण समितिलाई सम्झनु पर्छ ।

ङ) "टिम, कल्व, संघ, संस्था" भन्नाले चौदण्डीगढी नगरपालिकामा तोकिए वमोजिम दर्ता भएका चौदण्डीगढी नगरपालिका क्षेत्र भित्रका टिम, क्लव र संघ संस्थाहरु भन्ने सम्झनु पर्छ ।

च) "खेलाडी" भन्नाले टिम, क्लव, संघ संस्थामा सम्वद्ध खेलाडी सम्झनु पर्छ ।

छ) "प्रशिक्षार्थी" भन्नाले चौदण्डीगढी नगरपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लव, संघ संस्थामा सम्वद्ध सिकारु खेलाडी भन्ने सम्झनु पर्छ ।

ज) "प्रशिक्षक" भन्नाले चौदण्डीगढी नगरपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागि प्रशिक्षक, टिम, क्लव, संघ संस्था खेल प्रशिक्षण समितिमा सम्वद्ध विषयगत खेलकुद प्रशिक्षक भन्ने सम्झनु पर्छ ।

झ) "खेलकुद विकास कोष" भन्नाले चौदण्डीगढी नगरपालिकाको खेलकुद विकास कोष भन्ने सम्झनु पर्छ ।

ञ) "खेलाडी विवरण" भन्नाले टिम, क्लव, संघ संस्थाहरुले आफनो टिम, क्लव, संघ संस्थामा आवद्ध भनि प्रमाणित गरी प्रत्येक वर्ष नगरपालिकामा पेश गरेको विवरण भन्ने सम्झनु पर्छ ।

ट) "खेलकुद पदाधिकारी" भन्नाले खेलकुद सम्वद्ध समिति, उप समितिका पदाधिकारी भन्ने सम्झनु पर्छ ।

## परिच्छेद २

## उदेश्य

३. नगर खेलकुद समितिका उदेश्यहरु :

क) नगरको कला, संस्कृति र खेलकुद विकास प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमले सहयोग पुर्याउने,

ख) नगर क्षेत्र भित्रको खेलकुद प्रतियोगिता संचालन गर्न तथा सम्वद्ध खेल प्रशिक्षण निकायका विचमा समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने,

ग) स्वस्थ प्रतिस्पर्धाको भावन जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उतरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तन प्रति सचेत नागरीक तयार गर्ने,

घ) टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघ संस्थालाई परिचालन गर्ने,

ङ) खेलकुदको माध्यमवाट नगरवासीहरुलाई नागरिक भावना प्रति सचेत गराउने,

च) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्ने,

छ) खेलकुद विकासको निम्ति भोतिक पूर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सरकारी निकायहरुलाई पनि सरिक गराउने,

ज) खेलकुद गतिविधिहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने,

झ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र वुद्धिजीवीहरुलाई समेत शारीरीक व्यायाम खेलकुद व्यवस्थ ागर्न सहयोग पुर्याउने,

ञ) चौदण्डीगढी नगरपालिका भित्रवाट राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्नुका साथै अन्तराष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने,

ट) टिम, क्लव, संघ संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडा स्तरीय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने गराउने,

ठ) नगरपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकहरुको व्यवस्था गर्न प्रोत्साहन गर्ने,

ड) नगर खेलकुद समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने ।

परिच्छेद -३

## नगर खेलकुद समितिको गठन र वैठक कार्यविधी

४. नगर कार्यपालिकाले देहाय बमोजिमको पदाधिकारी रहने गरी एक नगर खेलकुद समिति गठन गर्न सक्नेछ ।

क) चौदण्डीगढी नगरपालिका यूवा र खेलकुद विकास समितिको संयोजक - अध्यक्ष

ख) यूवा तथा खेलकुद विकास समिति सदस्यहरु - सदस्य

ग) नगरपालिकाको प्रत्येक वडावाट नगरपालिकाले मनोनयन १/१ जना - सदस्य

घ) नगर प्रमुखले तोकेको कर्मचारी - सदस्य सचिव ।

४. नगर खेलकुद समितिको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ । र नगरपालिकावाट पून नियुक्ति हुन सक्नेछ ।

६. नगर खेलकुद समितिको वैठक आवश्यकता अनुसार वस्नेछ ।

७. अध्यक्षको काम, कर्तव्य र अधिकार

क) नगर खेलकुद समितिको वैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तर दायित्व अध्यक्षको हुनेछ ।

ख) खेलकुद प्रतियोगिताहरुको वार्षिक कार्ययोजना तयार गरी आयोजन, संचालन तथा व्यवस्थापन गर्ने, गराउने ।

ग) राष्ट्रिय/अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरुमा नगरपालिकाको प्रतिनिधित्व गर्ने ।

घ) नगर खेलकुद समितिको वैठक वस्न नसकेको अवस्थामा नगरपालिकामा गर्नु पर्ने सम्पूर्ण सिफारिसहरु गर्ने ।

ङ) समितिले तोकेको अन्य कार्यहरु गर्ने/गराउने ।

८. सदस्य सचिवको काम कर्तव्य र अधिकार

क) वैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक विषय सूची र सामग्री जुटाउने ।

ख) वैठक माईन्यूटिङ उठाउने र वैठक संचालन सम्वन्धी आवश्यक काम गर्ने ।

९. सदस्यहरुको काम कर्तव्य र अधिकार :

क) समितिको वैठकमा उपस्थित हुने र निति, योजना निर्माणमा महत्वपूर्ण भुमिका निर्वाह गर्ने ।

ख) समितिको निर्णय कार्यान्वयमा सहयोग पुर्याउने,

ग) विषयगत खेल प्रशिक्षण समिति, आयोजित खेल, दर्ता टिम, क्लव संस्थाले आयोजना गरेको, प्रशिक्षण, सभा, गोष्ठी मा नगर खेलकुद समितिले तोके वमोजिम प्रतिनिधीत्व गर्ने र अनुगमन गरी समितिमा सल्लाह दिने ।

ग) समितिको निर्णय वमोजिम तोकिएको जिम्मेवारी वहन गर्ने ।

परिच्छेद -४

## खेलकुद प्रतियोगिता व्यवस्थापन

१०. नगर खेलकुद समिति आफैले वा नगरपालिकाले दर्ता भएका टिम, क्लव, संघ संस्था मार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्न वा गराउन सक्नेछ ।

११. नगर खेलकुद समिति आफैले वा नगर भित्रका टिम, क्लव, संघ संस्था मार्फत राष्ट्रिय र अन्तराष्ट्रिय टिम संग मैत्री पूर्ण खेलकुद प्रतियोगिताको आयोजना गर्ने वा गराउन सक्नेछ ।

१२. सल्लाहकार समितिको गठन : नगर खेलकुद समितिले आवश्यकता अनुसार सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

परिच्छेद -५

## नगर क्षेत्र भित्रका टिम, क्लव र संघ संस्थाहरुको दर्ता र व्यवस्थापन

१३. चौदण्डीगढी नगरपालिका भित्रका टिम, क्लव, समिति र संस्था आदिले नगर खेलकुद विकास समितिको उदेश्य नीति, नियमलाई पालना गरी खेलकुद विकास गर्न चाहेमा फारम शुल्क रु. १०।- , दर्ता शुल्क रु. २५०।- सम्वन्धीत वडा अध्यक्षको सिफारीस सहित निवेदन गर्न आएमा खेलकुद समितिले दर्ता गर्ने निर्णय गरी दर्ता अभिलेख राख्नु

पर्ने छ । दर्ता गरीएका टिम, क्लव, समिति र संघ संस्थाले वार्षिक रुपमा रु. २५०।- नविकरण शुल्क सहित निवेदन गरी नविकरण गर्नु पर्ने छ ।

१४. दर्ता भएका टीम, क्लव, संघ संस्थाले जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडी नगर खेलकुद समितिवाट स्वीकृति लिनु पर्नेछ ।

१५. दर्ता र नवीकरण गर्नु भन्दा पहिले नगर खेलकुद समिति वा समितिले तोकेको प्रतिनिधीद्वारा सम्वन्धीत ठाउँको निरीक्षण गर्नुपर्नेछ ।

१६. नगर खेलकुद समितिमा दर्ता भएका टीम, क्लव, संघ संस्थाहरुले नगर खेलकुद समितिको उदेश्य अनुसार खेलकुद प्रतियोगिता संचालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई नगर खेलकुद समितिको सिफारीसमा नगरपालिकावाट निम्नानुसार आर्थिक सहयोग उपलब्ध गराईनेछ ।

क) वडा व्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) वढीमा रु. ५०००।- देखि १०,०००।- सम्म,

ख) नगर व्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) वढीमा रु. १०,०००।- देखि रु.२०,०००।- सम्म,

ग) उपत्यका र जिल्ला व्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) वढीमा रु.१५,०००।- देखि ३०,०००।- सम्म,

घ) प्रादेशिक वा राष्ट्रिय स्तरको प्रतियोगिताको लागि (वर्षमा १ पटक) वढीमा रु.२०,०००।- देखि ५०,०००।- सम्म ।

ङ) नगरको परिचय तथा कला, संस्कृतिमा विशेष योगदान पर्याउने प्रतियोगिताहरुको सम्वन्धमा उपयुक्त ढंगवाट सहयोग पुर्याउने नगरपालिका समक्ष सिफारीस गरी सक्दो आर्थिक सहयोग उपलब्ध गराईनेछ ।

१७. नगर खेलकुद समिति अन्तर्गत प्रत्येक वडामा खेलकुद समिति गठन गरिनेछ ।

१८. नगर खेलकुद समितिले टिम दर्ता निवेदन फारम, नविकरण फारम, प्रशिक्षक /प्रशिक्षर्थि फारम, परिचय पत्र, दर्ता प्रमाण पत्र आदिको ढाँचा निर्धारण गरी लागु गर्नेछ ।

परिच्छेद -६

## खेलकुद गोष्ठी, सभा, कार्यक्रम व्यवस्थापन

१९. नगरपालिकाले राष्ट्रिय, अन्तराष्ट्रिय खेलाडी, प्रशिक्षक टीमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ ।

२०. खेलकुद विकाको लागि सभा, सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्नेछ ।

२१. राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागि भएका खेलाडी वा प्रशिक्षकहरुको सम्मान वधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

२२. चौदण्डीगढी नगरको कला, संस्कृति र खेलकुद विकासका लागि आवश्यकता अनुसार टीम, क्लव, संघ संस्थाका प्रतिनिधीहरुको र्‍याली वा वैठक वोलाउन सक्नेछ ।

परिच्छेद -७

## खेलकुद प्रतियोगिता व्यवस्थापन

२३. अन्तर नगरपालिका लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तराष्ट्रिय प्रतियोगिताहरुमा समितिमा आवद्ध टीम, क्लव, संघ संस्था वा विद्यालय/कलेजलाई सहभागी गराईनेछ ।

२४. नगरपालिकाले निर्णय गरे वमोजिम सहभागी हुन जाने टीमका खेलाडी प्रशिक्षक र व्यवस्थापकलाई निम्नानुसार सुविधा प्रदान गरिनेछ ।

(१) उपत्यका भित्र भाग लिन जानेको हकमा :

क) प्रतियोगितामा भाग लिन जाँदा खान, वस्न र पारवहनका लागि हुने खर्च उपलब्ध गराईनेछ ।

ख) प्रतियोगिता खेल अवधी भर वढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन रु. ५००।- दरले प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई वढीमा वार्षिक रु. ३०००।- सम्मको सुविधा दिन सक्नेछ ।

(२) उपत्यका वाहिर भाग लिन जाने हकमा :-

क) प्रतियोगितामा भाग लिन जाँदा खान, वस्न र पारवहनका लागि खर्च उपलव्ध गराईनेछ ।

ख) प्रतियोगिता खेल अवधी भर वढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन रु. ७००।- दरले प्रोत्साहन भत्ता उपलव्ध गराईनेछ ।

ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई वढीमा वार्षिक रु. ३०००।- सम्मको सुविधा दिन सक्नेछ ।

घ) प्रतियोगितामा जान आउन सम्भव भए सम्म स्थल मार्ग र सार्वजनिक यातायात प्रयोग गर्नु पर्नेछ ।

परिच्छेद -८

## तालिम तथा प्रशिक्षण व्यवस्थापन

२५. नगर खेलकुद समितिले खेलकुद विकास र खेलाडीको स्तर वृद्धि गर्नका लागि आवश्यकता अनुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिनेछ ।

२६. प्रशिक्षार्थीहरु प्रशिक्षणमा समावेश हुन नगर खेलकुद समितिका प्रतिनिधी र वडा अध्यक्षको सिफारीस सहित नगर खेलकुद समितिको निर्धारीत फारम वुझाई आवेदन दिनुपर्नेछ ।

२७. प्रशिक्षार्थीहरुले फारम शुल्क रु. १०।- मासिक शुल्क रु. ५०।- वुझाई खेलाडी परिचय पत्र लिनु पर्नेछ र भर्ना शुल्क रु. २००।- लाग्नेछ ।

२८. प्रशिक्षक सहभागी टीम क्लव, संघ संस्था र विद्यालयहरु भएको हकमा ६ देखि १२ जना सम्मको प्रशिक्षार्थी संख्या हुनु पर्ने र फारम शुल्क रु. १०।-, दर्ता शुल्क रु. ५००।- लाग्ने छ ।

२९. कुनै खेल प्रशिक्षकको लागि सम्झौता अनुसार सुविधा पाउने गरी वढीमा एक जना प्रशिक्षक एक जना सहायक प्रशिक्षक सेवा करारमा नियुक्त गर्न सकिने छ । यसरी नियुक्ति भएका प्रशिक्षक र सहायक प्रशिक्षकलाई नगर खेलकुद समितिले तोके वमोजिम सेवा सुविधा उपलव्ध गराईनेछ ।

३०. कुनै पनि खेलको प्रशिक्षण अवधी एक पटकमा वढीमा १ वर्षको लागि हुने छ । आवश्यकता अनुसार म्याद थपघट गर्दै जानेछ ।

३१. प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोगको सामान आफैले जुटाउनु पर्नेछ ।

३२. प्रशिक्षकले आवश्यक सामानको सूची तयार गरी नगरपालिकामा माग गर्ने, खेलाडीवाट मासिक शुल्क उठाउन, प्रशिक्षण सामग्रीको अभिलेख राखि हिफाजत गर्ने, प्रशिक्षाथीहरुलाई नियमित र अनुशासनमा राख्ने र क्याकेज प्रोग्राम (प्रशिक्षण) र प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मा लिनु पर्नेछ ।

३३. प्रशिक्षकले हप्ताको ६ दिन हुने गरी कम्तीमा दिनको २ घण्टा खेलाडीहरुलाई प्रशिक्षण कार्य गर्नु पर्नेछ ।

३४. स्थगित गरिएका प्रशिक्षण कार्यलाई पुनः संचालन गर्न आवश्यक व्यवस्था भएको सूचना मिलेमा नगर खेलकुद समितिको निर्णय अनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिनेछ ।

३५. कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षक वा सुविधा आवश्यक भएमा नगरपालिकालाई अनुरोध गरी स्वीकृति भए अनुसार गरिनेछ ।

परिच्छेद -९

## नगर खेलकुद विकास कोषको व्यवस्था

३६. खेलकुद सम्वन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगातयका क्रियाकलापका लागि चौदण्डीगढी नगरपालिकामा नगर खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

३७. कोषको श्रोतहरु देहाय वमोजिम हुनेछः-

क) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र अन्तराष्ट्रिय संस्था वा कुनै व्यक्तिवाट प्राप्त हुन सक्ने नगद,

ख) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम,

ग) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शलक र भर्ना रकम,

घ) नगर भित्रका टीम, क्लव दर्ता आवेदन शुल्क, नवीकरण शुल्क र फारम शुल्क ।

३८. यस कोषको संचालन नगर खेलकुद समितिको निर्णय अनुसार हुनेछ ।

३९. नगर खेलकुद समितिको अध्यक्षले वढीमा रु. १०,०००।- सम्म कोषवाट खर्च गर्न सक्नेछ । र यसरी गरीएको खर्च समितिको वैठकवाट अनुमोदन गरी नियमानुसार फछयौट गर्नुपर्नेछ ।

परिच्छेद -१०

## खेलकुद पुर्वाधार निर्माण तथा मर्मत

४०. कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्न सम्वन्धीत प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ ।

४१. विशेष तरिकाले मर्मत गर्न सम्वन्धीत प्राविधीक कहाँ लानु पर्ने भएमा प्रशिक्षकको माग अनुसार नगर खेलकुद समितिले कोषवाट मर्मत संभार गर्नेछ । तर रकम अपुन ग कोषवाट खर्च गर्न नसकिने भएमा समितिले नगरपालिकामा सिफारिस सहित मर्मत सम्भारका लागि पठाउनु पर्नेछ ।

४२. खेलकुद पूर्वाधार (स्टेडीयम, खेलकुद भवन, मैदान, ट्रयाक आदि) को व्यवस्था गर्न नगर खेलकुद समितिको निर्णयअनुसार माग भई आएका नगरपालिकाले यस्तो पूर्वाधारको निर्माण अधिकतम सहभागिताको आधारमा गर्नेछ ।

परिच्छेद -११

## विषयगत खेल प्रशिक्षण समितिको व्यवस्था

४३. नगर खेलकुद समितिको मातहतमा रहने गरी खेल प्रशिक्षण, सैद्धान्तीक कक्षा संचालन र दक्ष अनुसाशित खेलाडी तयार गर्ने कार्यमा सम्वन्धीत खेल प्रशिक्षकहरुलाई

आवश्यक निर्देशन, सल्लाह र सहयोग गर्न आवश्यकता अनसार विषयगत खेल प्रशिक्षण समीति गठन गरिनेछ । विषयगत खेल प्रशिक्षण समिति सम्वन्धी अन्य व्यवस्थाहरु देहाय वमोजिम हुनेछ :-

क) नगर खेलकुद समितिले तोकेको संयोजकको अध्यक्षतामा सम्वन्धीत खेल प्रशिक्षक रहने गरी ३ देखि ५ सदस्य रहने गरी विषयगत खेल प्रशिक्षण समिति गठन गरिनेछ ।

ख) यस समितिले विषयगत खेल प्रशिक्षण, संचालन, रेखदेख, निरिक्षण, नियन्त्रण र व्यवस्थापन गर्नेछ ।

ग) यस समितिले सम्वन्धीत खेलकुद प्रति जनमानसको आकर्षण वढाउने कार्य गर्नेछ ।

घ) प्रशिक्षणको लागि आवश्यक सामग्री जुटाउन मद्दत गर्नेछ ।

ङ) प्रशिक्षण केन्द्रवाट संचालन हुने ग्रेडीङ्, प्रतियोगिता, गोष्ठी र कक्षा संचालनमा सहयोग गर्नेछ ।

च) प्रशिक्षण केन्द्रमा धार्मिक, सम्प्रदायिक एवं अन्य खराव दुर्व्यसन आदिवाट प्रशिक्षण कार्यको वातावरण धमिल्याउन नदिने तरिकावाट प्रशिक्षण कार्य अघि वढाउने छ ।

छ) नगर खेलकुद समितिको नीति, नियम र निर्देशनलाई पालन गर्ने र गर्न लगाउने छ ।

ज) प्रशिक्षार्थीलाई अन्य संस्थावाट खेल्ने अनुमति र प्रशिक्षकलाई अन्य संस्थामा प्रशिक्षण कार्य वातावरण धमिल्याउन नदिने तरिकावाट प्रशिक्षण कार्य अघि वढाउने छ ।

झ) यस समितिको वैठक संयोजकले तोकेको मिति, स्थान र समयमा आवश्यकता अनुसार वस्नेछ ।

ञ) नगर खेलकुद समितिको निर्देशानुसार सम्वन्धीत खेलको लागि वार्षिक कार्य तालिका वनाउनु पर्नेछ ।

ट) अनुशासनको कार्वाही गर्ने क्रममा गल्ती हेरी स्पष्टीकरण, चेतावनी वा निलम्वन गर्न सक्नेछ । तोकेको अवधीमा पनि आचरण सुधार नभएमा निष्काशन गर्न सक्नेछ ।

ठ) अनुशासनको कार्वाही गर्ने क्रममा सम्वन्धीत व्यक्तिलाई सफाई पेश गर्ने मौका दिईनेछ । तर प्रशिक्षण समितिको प्रतिवेदन माथि नगर खेलकुद समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

ड) नगर खेलकुद समितिको निर्णय अनुसार थपघट वा शंशोधान सुधार गर्न सकिने छ ।

परिच्छेद -१२

## अनुशासनको कारवाही, दण्ड, सजाय र पुरस्कार

४४. अनुशासनको कारवाही : खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचर संहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ । कसैले अनुशासन र आचार संहिताको उलंघन गरेमा विषयगत खेल प्रशिक्षण समितिले पहिलो पटक चेतावनी दिन सक्नेछ । तर एक वर्षमा ३ पटक भन्दा वढी चेतावनी पाई सकेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई एक वर्ष सम्म कुनै पनि खेलकुद प्रतियोगिता/ प्रशिक्षण/व्यवस्थापनमा सहभागि हुन नपाउने गरी विषयगत खेल प्रशिक्षण समितिको सिफारीसमा नगर खेलकुद समितिले निलम्वन गर्न सक्नेछ ।

४५. वर्ष भरीका उत्कृष्ट खेलाडी, प्रशिक्षण, प्रशिक्षार्थी, व्यवस्थापकलाई नगर खेलकुद समितिको सिफारीसमा नगरिपालिकावाट नगद पुरस्कार तथा सम्मान गरिनेछ ।

समाप्त